# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, असोज ३० गते, २०८० साल

# भाग १

## काठमाडौँ महानगरपालिका
## स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

<u>**प्रस्तावना**</u> : काठमाडौँ महानगरपालिकाको शैक्षिक नीति, योजना र कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवं शैक्षिक सेवा सुविधा सरल रूपमा प्रवाह गरी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा गुणस्तर सुधारका कार्यमा योगदान गर्नका लागि दक्ष जनशक्तिको आवश्यकता परिपूर्ति गर्न स्रोत शिक्षकको व्यवस्था गर्न बाञ्छनीय भएकाले काठमाडौँ महानगरपालिका, प्रशासकीय

कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ तथा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५७ (ख) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

# परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम **"स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**ऐन**" भन्नाले काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "**कार्यपालिका**" भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**छनोट समिति**" भन्नाले यस कार्यविधिअनुसार स्रोत शिक्षक छनोट तथा सिफारिस गर्न गठित स्रोत शिक्षक छनोट समिति सम्झनु पर्छ।

(घ) "**महानगरपालिका**" भन्नाले काठमाडौं महानगरपालिका सम्झनु पर्छ ।

(ङ) **"विद्यालय"** भन्नाले काठमाडौं महानगरपालिका क्षेत्रभित्र अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) "**विभाग**" भन्नाले काठमाडौं महानगरपालिकाको शिक्षा विभाग सम्झनु पर्छ ।

(छ) "**विषय विज्ञ**" भन्नाले सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको, कम्तिमा

माध्यमिक तह द्वितीय श्रेणी वा विश्वविद्यालयको उपप्राध्यापकसरहको अनुभव प्राप्त गरेको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सेवामा उपसचिव वा सोभन्दा माथिल्लो तह र श्रेणीको अनुभव भएको सम्बन्धित विषयको विज्ञ सम्झनु पर्छ ।

(ज) "**शिक्षक**" भन्नाले काठमाडौं महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(झ) "**शिक्षा अधिकारी**" भन्नाले काठमाडौं महानगरपालिकाको शिक्षा अधिकारी सम्झनु पर्छ ।

(ञ) "**शिक्षा समिति**" भन्नाले काठमाडौं महानगरपालिकाको शिक्षा समिति सम्झनु पर्छ।

(ट) "**स्रोत शिक्षक**" भन्नाले यस कार्यविधिअनुसार स्रोत शिक्षक पदमा करारमा नियुक्त शिक्षक सम्झनु पर्छ ।

## परिच्छेद-२
## स्रोत शिक्षकसम्बन्धी व्यवस्था

३. **स्रोत शिक्षकको पद रहने** : (१) महानगरपालिकाभित्रका स्रोत केन्द्रमा अङ्ग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयमा दुई/दुई जना र गणित विषयको तीन जनासमेत गरी जम्मा ११ जना स्रोत व्यक्तिको पद रहनेछ।

(२) प्रत्येक स्रोत केन्द्रमा एकजना स्रोत शिक्षक रहनेछ ।

४. **स्रोत शिक्षकको योग्यता** : (१) स्रोत शिक्षकको योग्यता देहायबमोजिम हुनेछ :-

(क) शिक्षाशास्त्रमा न्यूनतम स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको,

(ख) महानगरपालिकाभित्र रहेका माध्यमिक विद्यालयमा माध्यमिक तहमा स्थायी नियुक्ति भई कम्तिमा पाँच वर्षको अनुभव भएको,

(२) उपदफा (१) बमोजिम स्रोत शिक्षक छनोट गर्दा अन्य योग्यता समान भएमा महानगरपालिकाभित्रको स्थायी बसोबास भएका शिक्षकलाई प्राथमिकता दिइनेछ ।

५. **<u>स्रोत शिक्षकको छनोट प्रक्रिया</u>** : (१) स्रोत शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहायका सदस्य रहेको एक स्रोत शिक्षक छनोट समिति रहनेछ :

(क) शिक्षा अधिकारी -संयोजक

(ख) प्रमुखले तोकेको शिक्षाविद् वा विज्ञ दुईजना - सदस्य

(ग) काठमाडौं महानगरपालिकाको प्रशासन विभागको प्रमुख -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकताबमोजिम विषय विज्ञलाई आमन्त्रण गरी सेवा लिन सक्नेछ ।

(३) स्रोत शिक्षक छनोट गर्न न्यूनतम योग्यता पुगेका शिक्षकवाट विषयगत रूपमा आवेदन पेस गर्न विभागले १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(४) छनोट समितिको सिफारिस शिक्षा तथा स्वास्थ्य समितिमा पेस गरी समितिबाट भएको निर्णयबमोजिम शिक्षा अधिकारीले स्रोत शिक्षकको नियुक्ति गर्नेछ ।

(५) स्रोत शिक्षकको नियुक्ति बढीमा एक आर्थिक वर्षका लागि हुनेछ। निजको काम सन्तोषजनक भएमा हरेक आर्थिक वर्षका लागि करार थप गर्न सकिनेछ।

तर, नियुक्ति भएका मितिले स्रोत शिक्षकको पदावधि पाँच वर्षभन्दा बढी हुनेछैन ।

(६) यस दफाबमोजिम एक पटक स्रोत शिक्षकका रूपमा नियुक्त भएको शिक्षक स्रोत शिक्षकमा छनोट हुन वाधा पुगेको मानिनेछैन ।

## परिच्छेद-३

## स्रोत शिक्षकको काम, कर्तव्य, अधिकार र सेवा सर्त

६. **स्रोत शिक्षकको काम, कर्तव्य र अधिकार** : (१) स्रोत शिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षण सिकाइका लागि शिक्षकलाई प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(ख) शैक्षिक सूचनाहरू प्रवाह गर्ने, गराउने,

(ग) नगर शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षण कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(घ) विद्यालयको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठकमा वर्षमा कम्तीमा दुईपटक पर्यवेक्षकका रूपमा भाग लिने र आवश्यक सल्लाह, सुझाव दिने तथा सहयोगीको रूपमा कार्य गर्ने,

(ङ) विद्यालयको सुपरिवेक्षण गर्न वार्षिक कार्यक्रम बनाई पेस गर्ने,

(च) शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयनसम्वन्धी कार्यमा प्राविधिक सहयोग गर्ने,

(छ) वार्षिक कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(ज) स्वीकृत वार्षिक कार्यक्रमअनुसार मासिक तथा साप्ताहिक कार्य योजना बनाई शिक्षा अधिकारीबाट स्वीकृत गराउने र सोको कार्यान्वयन गर्ने,

(झ) विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने,

(ञ) विद्यालयको स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सोसम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने/गर्न लगाउने,

(ट) शैक्षिक उन्नयन तथा सुधारका लागि विद्यालयको सहयोग तथा सहकार्यमा आवश्यकताअनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरू सञ्चालन गर्ने/गराउने,

(ठ) शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र विद्यालयगत रूपमा गत शैक्षिक सत्रको कक्षा एकदेखि १२ सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने,

(ड) प्रत्येक वर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गर्ने,

(ढ) नतिजाको विश्लेषण गरी प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायको खोजी गर्ने,

(ण) सिकाइ उपलब्धि अभिवृद्धि हुने क्रियाकलापको बारेमा प्रधानाध्यापकको बैठकमा छलफल गरी योजना बनाउन सहयोग गर्ने,

(त) विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि शिक्षकको विषयगत समिति गठन, अन्तर्क्रिया र शिक्षक सहकार्यमा सहजीकरण गर्ने,

(थ) विद्यालयहरूलाई विद्यालयगत सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश शिक्षा अधिकारीलाई उपलब्ध गराउने,

(द) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ध) कक्षा अवलोकनसम्बन्धी देहायबमोजिमका कार्य गर्ने :

अ. महिनामा कम्तीमा १० ओटा विद्यालयको सुपरीवेक्षण गरी शिक्षा अधिकारी समक्ष प्रतिवेदन पेस गर्ने,

आ. सुपरीवेक्षण गरिएको विद्यालयमा कम्तीमा दुईओटा कक्षा अवलोकन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण लिनेदिने कार्य गर्ने,

इ. आवश्यकता अनुसार नमुना कक्षा लिने र शिक्षकबाट पनि नमुना कक्षा लिने व्यवस्था मिलाउने साथै विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी शिक्षा अधिकारीलाई समेत जानकारी गराउने,

ई. कक्षा अवलोकन गर्दा पहिले दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने,

उ. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीसँग विद्यालयको शैक्षिक अवस्था सुधारका बारेमा छलफल तथा परामर्श गरी विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरूको अनुगमन गरी प्रतिवेदन पेस गर्ने,

ऊ. समिति र शिक्षा अधिकारीले तोकेका अन्य कार्य गर्ने, गराउने।

७. **स्रोत शिक्षकको तलव भत्ता तथा अन्य सुविधा** : (१) स्रोत शिक्षकको तलब भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(क) स्रोत शिक्षकले साविक कार्यरत शिक्षक पदमा खाइपाई आएको तलव र भत्ता,

(ख) स्रोत शिक्षक पदमा कार्यरत रहेको अवस्थामा बढुवा भएमा बढुवा भएको पदको नियमानुसारको तलब भत्ता,

(२) स्रोत शिक्षकको तलब र नियमानुसारको सुविधा पदाधिकार रहेको विद्यालयबाट उपलब्ध हुनेछ ।

(३) स्रोत शिक्षकले शिक्षा ऐन र नियमावलीमा शिक्षकका लागि तोकिएका विदा पाउनेछ र हिउँदे वा वर्षे विदाको सट्टा वार्षिक तीस दिन घर विदा पाउनेछन् ।

तर, सट्टा विदा सोही शैक्षिक सत्रभित्र उपयोग गर्नुपर्नेछ र सोबापत कुनै आर्थिक दायित्व व्यहोरिनेछैन ।

(४) स्रोत शिक्षकको हाजिरी महानगरपालिका शिक्षा विभाग, स्रोत केन्द्र वा पदाधिकार रहेको विद्यालयमा हुनेछ ।

## परिच्छेद-४

## स्रोत शिक्षक छनोटको पाठ्यक्रम र छनोट प्रक्रिया

८. **स्रोत शिक्षक छनोट** : (१) स्रोत शिक्षक छनोटको पाठ्यक्रम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) स्रोत शिक्षक छनोट गर्दा लिइने परीक्षाको किसिम र पूर्णाङ्क देहायबमोजिम हुनेछ :-

(क) लिखित परीक्षा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० अङ्क (वस्तुगत)

(ख) प्रयोगात्मक परीक्षा पूर्णाङ्क २५ र उत्तीर्णांक १० अङ्क

(ग) अन्तर्वार्ता २५ अङ्क

(३) उपदफा (२) बमोजिमको अंकभार अनुसूची-१ बमोजिम हुनेछ ।

(४) परीक्षाका लागि आवेदन शुल्क रु. दुई हजार हुनेछ ।

(५) लिखित र प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण भई सवैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारमध्येबाट देहायको अनुपातमा उत्तीर्ण उम्मेद्वारलाई थप गरी अन्तर्वार्ताका लागि उम्मेद्वारको नाम वर्णानुक्रमानुसार प्रकाशन गरिनेछ ।

| क्रसं | रिक्त पद सङ्ख्या | थप हुने सङ्ख्या |
|---|---|---|
| १ | १ देखि ५ | २ |
| २ | ६ देखि १० | ३ |
| ३ | ११ देखि १५ | ४ |

तर, अन्तिम क्रमसङ्ख्यामा एकजना भन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्ता सवै उम्मेद्वारको नाम प्रकाशन गरिनेछ ।

(६) उपदफदा (५) बमोजिम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदार आवश्यक सङ्ख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यति उम्मेदवारको नाम प्रकाशन गरिने छ ।

(७) लिखित, प्रयोगात्मक र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी सवैभन्दा बढी अङ्क प्राप्त गर्नेलाई माग सङ्ख्याका आधारमा योग्यता निर्धारण गरी सिफारिश गरिनेछ ।

(८) उपदफा (७) बमोजिमको सिफारिशमा १० प्रतिशत बैकल्पिक सूचीमा रहनेछन् ।

## परिच्छेद-५
## विविध

९. **करार रद्ध हुने** : (१) देहायको अवस्थामा शिक्षा अधिकारीले प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा स्रोत शिक्षकसँग गरिएको करार रद्ध गरी निजलाई पदाधिकार रहेको विद्यालयमा फिर्ता गर्न सक्नेछ ।

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) पटकपटक तोकिएको जिम्मेवारी पुरा नगरेमा,

(ग) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(घ) कार्यक्षमताको अभाव भएमा,

(ङ) गलत तथ्याङ्क र अभिलेख प्रमाणीकरण गरेमा वा अभिलेख (सुरक्षित नराखेमा) व्यवस्थापन नगरेमा,

(च) महानगरपालिकाभित्र प्रचलित कानुन र निर्देशनको परिपालना नभएमा वा गराउन नसकेमा।

(२) उपदफा (१) बमोजिम फिर्ता गर्नुपूर्व सफाइको मौका दिइनेछ ।

१०. **सट्टा शिक्षक रहने** : स्रोत शिक्षकको सट्टामा निजको पदाधिकार रहेको विद्यालयलाई माध्यमिक शिक्षकको सुरु तलब स्केलले हुन आउने रकम महानगरपालिकाले उपलब्ध गराउनेछ।माध्यमिक तृतीय श्रेणीको सुरु तलब स्केल र भत्ता खाने गरी सो विद्यालयले सट्टा शिक्षक राख्नेछ तर यसरी नियुक्ति भएको शिक्षक पदलाई लियन पद मानिने छैन ।

११. **विज्ञ समूह बनाउन सक्ने** : (१) स्रोत शिक्षक व्यवस्थापन गर्नका लागि प्रश्नपत्र निर्माण, अन्तर्वार्ता तथा सिफारिससम्मका कार्यका लागि शिक्षा

अधिकारीले तोकेका ख्यातिप्राप्त शिक्षाविद् मध्येबाट तीन/तीन जना सदस्य रहेको एक वा सोभन्दा बढी विज्ञ समूह बनाउन सक्नेछ।

(**स्पष्टीकरण:** ख्यातिप्राप्त शिक्षाविद भन्नाले शिक्षा सेवाका वहालवाला वा अवकाश प्राप्त प्रथम वा द्वितीय श्रेणीका अधिकृत वा माध्यमिक शिक्षक प्रथम वा द्वितीय श्रेणीका शिक्षक वा विश्वविद्यालयका प्राध्यापकलाई सम्झनुपर्छ।)

(२) विज्ञ समूहमा रहने व्यक्तिले समेत छनोट समितिका पदाधिकारीले पाएसरह सेवा सुविधा पाउनेछन् ।

१२. **<u>स्रोत केन्द्र व्यवस्थापन समिति</u> :** प्रत्येक स्रोत केन्द्रमा देहायबमोजिमको एक स्रोत केन्द्र व्यवस्थापन समिति रहनेछ ।

(क) स्रोत केन्द्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित स्रोत केन्द्र हेर्ने शिक्षा अधिकृत - सदस्य

(ग) स्रोत केन्द्र रहेका विद्यालयका प्रधानाध्यापक - सदस्य

(घ) स्रोत केन्द्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालय तथा विद्यालयको तह समेतको प्रतिनिनित्व हुने गरी शिक्षा अधिकारीद्वारा मनोनित तीन जना प्रधानाध्यापक/प्रिन्सिपल - सदस्य

(ङ) सम्बन्धित स्रोत केन्द्रका स्रोत शिक्षक - सदस्य सचिव

१३. **<u>स्रोत केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>** : स्रोत केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्रोत केन्द्रलाई सबलीकरण गर्ने,

(ख) स्रोत केन्द्र स्तरीय शिक्षक तथा विद्यार्थीका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,

(ग) स्रोत केन्द्रका लागि आवश्यक स्रोत तथा साधनको सङ्कलन र व्यवस्थापन गर्ने,

(घ) स्रोत केन्द्रभित्रका विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल र विद्यालय व्यवस्थान समितिका अध्यक्षको समय समयमा बैठक गरी शैक्षिक गुणस्तर अभिबृद्धिका लागि कार्य गर्ने,

(ङ) आफ्नो स्रोत केन्द्रअन्तर्गतका उत्कृष्ट कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने,

(च) स्रोत केन्द्रभित्रको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने,

(छ) स्रोत केन्द्रभित्रका विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्रोत शिक्षकको कार्यमा आवश्यक सहयोग गर्ने,

(ज) विभागले तोकेका अन्य कार्य गर्ने ।

१४. **स्वतः फिर्ता हुने** : यो कार्यविधि कार्यान्वयन भई स्रोत शिक्षकको परीक्षा सञ्चालन भएका मितिदेखि स्रोत व्यक्ति पदाधिकार रहेको विद्यालयमा स्वतः फिर्ता हुनेछ ।

१५. **खाता सञ्चालन** : स्रोत केन्द्र व्यवस्थापन समितिको नाममा एक खाता रहने छ । सो खाता स्रोत केन्द्र रहेका विद्यालयका प्रधानाध्यापक र स्रोत शिक्षकको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ। सो खाताको लेखा परीक्षणको दायित्व स्रोत केन्द्र रहेका विद्यालयको हुनेछ ।

१६. **परीक्षा संचालन खर्चको आधार** : यस कार्यविधिबमोजिमको परीक्षा सञ्चालनको खर्चको मापदण्ड लोक सेवा आयोगको नर्म्स अनुसार हुनेछ र सो नर्म्समा नपरेका विषयमा प्रचलित कानुनबमोजिम हुनेछ ।

१७. **<u>कार्यविधि संसोधन</u>** : यस कार्यविधिमा कुनै व्यवस्था थपघट वा संशोधन गर्नु परेमा शिक्षा तथा स्वास्थ्य समितिको सिफारिशमा कार्यपालिकाले गर्नेछ ।

१८. **<u>बाधा अडकाउ फुकाउ</u>** : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या परेमा त्यसको बाधा अड्काउ फुकाउने अधिकार शिक्षा तथा स्वास्थ्य समितिलाई हुनेछ।

# अनुसूची-१

(दफा ८ (३) सँग सम्बन्धित)

## पदको उम्मेद्वार छनोटका लागि लिइने परीक्षाको पाठ्यक्रम

**खण्ड (क) लिखित परीक्षा**

पूर्णाङकः१०० उत्तीर्णाङ्कः ५० समयः १ घण्टा

**यस परीक्षामा जम्मा ५० ओटा वस्तुगत प्रश्न सोधिनेछ । (५०×२ =१०० अङ्क)**

१. नेपालको विद्यालय तह, शिक्षाको संरचना र पाठ्यक्रम ढाँचा

२. नेपालको शैक्षिक इतिहास,

३. चालु आर्थिक वर्ष र आवधिक योजनामा शिक्षा

४. चालू शैक्षिक आयोजना र परियोजनाहरू,

५. विद्यालय क्षेत्र सुधार योजना,

६. राष्ट्रिय पाठ्यक्रम प्रारूप,

७. सहश्राब्दी विकास लक्ष्य (शिक्षासम्बन्धी)

८. नेपालको संविधान र शिक्षा,

९. शिक्षा ऐन, २०२८ (संशोधनसहित) र शिक्षा नियमावली, २०५९ (संशोधनसहित),

१०. काठमाडौं महानगरपालिकाको शिक्षा ऐन, नियमावली तथा अन्य कानुनी प्रबन्ध,

११. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ (शिक्षा सम्बन्धी व्यवस्था मात्र),

१२. शिक्षक सेवा आयोग नियमावली, २०५९ (संशोधनसहित),

१३. अनौपचारिक शिक्षा र आजीवन सिकाइका विभिन्न कार्यक्रम (खुला,दुर शिक्षा),

१४. शिक्षा मनोविज्ञान र सिकाइ,

१५. शिक्षाका दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,

१६. शैक्षिक व्यवस्थापन र नेतृत्व,

१७. परीक्षा र मूल्याङ्कन,

१८. नेपालको उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा,

१९. शिक्षामा अनुसन्धान र सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर, इमेल, इन्टरनेट, सामाजिक सञ्जाल, इ-जर्नल)

२०. शैक्षिक तथ्याङ्कसम्बन्धी जानकारी (साक्षरता दर, खुद भर्ना दर, सहजै देखिने भर्ना दर, शिक्षक विद्यार्थी अनुपात, विद्यालय विद्यार्थी अनुपात, तालिमप्राप्त शिक्षक अनुपात, महिला शिक्षक अनुपात, निरीक्षक विद्यालय अनुपात जस्ता सूचक र सो निकाल्ने तरिकाहरू,

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसअन्तर्गतका विभाग तथा निकायको सङ्गठन र कार्य,

२२. शिक्षकको पेसागत दक्षता विकास,

२३. कक्षा कोठा अवलोकन र पृष्ठपोषण,

२४. कार्यमूलक अनुसन्धान र घटना अध्ययन,

२५. शिक्षा र दिगो विकास,

२६. शिक्षाका समसामयिक कार्यक्रम (महानगरपालिकाको नीति तथा कार्यक्रम, छात्रवृत्ति, विद्यालय अनुदान, नेपाल सरकारका शैक्षिक कार्यक्रम आदि),

२७. शिक्षा क्षेत्रको समसामयिक समस्या एवम् चुनौती र समस्या समाधानका उपाय,

२८. तथ्याङ्क शास्त्र, तथ्याङ् सङ्कलन, विश्लेषण र विश्लेषण गरिएका सूचकहरूको संप्रेषण, चित्रण (Mean, Median, Mode, Data Visualization etc.)

२९. सूचना तथा सञ्चार प्रविधि र कम्प्युटर शिक्षा (Word, excel, power point, e-mail, internet)

३०. प्रस्तावना लेखन,

३१. शिक्षा नीति, २०७६,

३२. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम,

३३. प्रधानाध्यापकको सक्षमता प्रारूप, २०८०

३४. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

३५. अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप, २०८०

**खण्ड (ख) प्रयोगात्मक परीक्षा– २५ अङ्क**

| | | |
|---|---|---|
| प्रयोगात्मक | २५ | क. सार्वजनिक शिक्षाको गुणस्तर सुधार योजनाको प्रस्तावना वापत १५ |
| | | ख. सार्वजनिक शिक्षाको गुणस्तर सुधार योजनाको प्रस्तुति वापत ५ |
| | | ग. कम्प्युटर परीक्षणबापत बढीमा ५ अङ्क<br>• माइक्रोसफ्ट अफिस: word, excel, power point, email internet, access, ICT लगायत। |

**खण्ड (ग) अनुभव, शैक्षिक योग्यता तथा अन्तर्वार्ता – २५ अङ्क**

अनुभव, शैक्षिक योग्यता तथा अन्तर्वार्ता बापतको २५ अङ्क देहायका आधारमा प्रदान गरिनेछ :-

१. शैक्षिक योग्यता र तालिम – १० अङ्क

| क सं | विवरण | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यता | ५ | ४ | ३ |
| २ | माथिल्लो शैक्षिक योग्यता | ३ | २ | १ |
| ३ | शिक्षक पेसागत तालिम | २ | १ | |

२. अनुभवबापत प्रति वर्ष १ अङ्कका (माध्यमिक तह वा सोसरहको मात्र गणना हुनेछ) दरले अधिकतम – ५ अङ्क

(**नोटः** अनुभव भन्नाले सामुदायिक विद्यालयमा कम्तीमा माध्यमिक तहमा स्थायी शिक्षकका रूपमा शिक्षण गरेको अनुभव भन्ने जनाउँछ। यसका लागि शिक्षण गरेको शिक्षण संस्थाबाट कार्यावधि प्रमाणित गरेको कागजात र माध्यमिक तहको नियुक्तिपत्र संलग्न गर्नुपर्नेछ ।)

३. अन्तर्वार्ता – १० अङ्क (७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क दिनुपरे कारण खोल्नुपर्ने)

(क) व्यक्तित्व – १ अङ्क

(ख) विषयवस्तुको ज्ञान – २ अङ्क

(ग) प्रस्तुतीकरण शैली – ३ अङ्क

(घ) व्यवस्थापकीय तथा समस्या समाधान सीप – २ अङ्क

(ङ) शिक्षण सहजीकरण सीप – २ अङ्क

# अनुसूची-२

## स्रोत शिक्षक पदको दरखास्त फाराम

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (फोटोमा पर्ने गरी हस्ताक्षर

विज्ञापन नं.

**आवेदन गरेको विषय:**

आवेदकको नाम: लिङ्ग:

जन्म मिति: सम्पर्क नं. इमेल:

स्थायी ठेगाना: अस्थायी ठेगाना:

कार्यरत विद्यालय:

स्थायी नियुक्ति मिति: नियुक्ति भएको विषय:

**(स्नातकोत्तर र सो भन्दा माथिल्लो शैक्षिक योग्यताको विवरणमात्र पेस गर्ने)**

| क्रसं | शैक्षिक योग्यता | विषय | विश्वविद्यालय/बोर्ड | प्राप्ताङ्क | प्रतिशत/GPA |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

माथि उल्लिखित ब्यहोरा साँचो हो । फरकपरेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

नाम:

हस्ताक्षर:

मिति:

| दायाँ | बायाँ |
|---|---|
| | |

आवश्यक कागजात (प्रतिलिपि संलग्न गर्ने)

(क) सम्बन्धित तहको नियुक्ति पत्र,
(ख) तालिमको प्रमाणपत्र,
(ग) नेपाली नागरिकताको प्रमाणपत्र,
(घ) सेवा अवधिको प्रमाणित प्रति,
(ङ) न्यूनतमत तथा माथिल्लो योग्यताका प्रमाणपत्र ।

स्वीकृत मिति : २०८०/०६/३०

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**